कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# यातायात व्यवस्था कार्यालय

बिराटनगर, मोरङ

पत्र संख्या: ०८२।८३

चलानी नम्बर: २२५०

मिति:-२०८३/०२/२६

विषय: हेलो सराकार मार्फत प्राप्त गुनासो सम्बन्धमा।

श्री सुनौलो पुर्वी नेपाल यातायात व्यवसायी संघ

बिराटनगर।

उपयुक्त सम्बन्धमा यातायात व्यवस्था विभाग, सवारी अनुगमन, मापदण्ड, तर्जुमा र सवारी-चालक व्यवस्था, मिन भवन, काठमाण्डौको च.नं. सवारी/८२१ मिति २०८३/०१/०७ को पत्र मार्फत विद्यार्थीहरुलाई ४५% छुट दिने परिपत्र यसै पत्रसाथ संलग्न राखी हेलो सरकार मार्फत यस कार्यालयमा तपशिलमा उल्लेखित मिति र सेवा सम्बन्धमा गुनासाहरु प्राप्त भएकाले सो सम्बन्धमा के कस्तो भएको हो ? सोको व्यहोरा समेत खुलाई सम्बन्धित सवारीलाई कारवाही गरी उक्त जानकारी यस कार्यालयमा दिनु हुन अनुरोध छ।

| सि.नं. | गुनासो दर्ता मिति | गुनासा |
|---|---|---|
| १ | २०८१/०१/३० | उर्लाबारी बरगाछी देखि रतुवामाई न.पा. को आम्बारीसम्म चल्ने सार्वजनिक सवारीले विद्यार्थी सहुलियत सेवा छुट नदिएको |
| २ | २०८१/०८/०४ | प्र१ ०१-००१ ख ३४१९ नम्बरको सवारी साधनले ईटहरीबाट बिराटनगर जाँदा विद्यार्थी छुट नदिएको साथै बिच बाटोमा ओरालेको र तहाँ सम्मको पुरा भाडा लिएको |
| ३ | २०८२/०१/२४ | बिराटनगर इनरुवा संचालन रहेको माइक्रोबसले बढी भाडा लिएको |
| ४ | २०८२/०१/२९ | विद्यार्थी आइडी कार्ड बमोजिमको छुट नदिएको |

बोधार्थ:-

हेलो सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौ

जिल्ला ट्राफिक कार्यालय, मोरङ

.....................

मनोज

कार्यालय प्रमुख

फोन नं. ०२१-४२२०८३, ईमेल:-tmo.morang@gmail.com

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

## सवारी अनुगमन, मापदण्ड तर्जुमा र सवारी-चालक व्यवस्थापन

मीनभवन, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- सवारी/८२१

मिति :- वि.सं. २०८३/०१/०७

विषय: विद्यार्थीलाई छुट सुविधा उपलब्ध गराउने सम्वन्धमा।

श्री नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, वालकुमारी, ललितपुर।

श्री सार्वजनिक यातायात केन्द्रीय महासंघ, अनामनगर, काठमाडौं।

श्री साझा यातायात सहकारी संस्था लि., पुल्चोक, ललितपुर।

प्रस्तुत विषयमा नेपाल सरकार, भौतिक मन्त्रालयका तत्कालीन मा. मन्त्रीज्यू तथा यातायात व्यवसाय संवद्ध संघ संगठनहरुसमेतको उपस्थितिमा यातायात क्षेत्रसँग सम्वन्धित विभिन्न प्रस्तावहरुमाथि छलफल भई मिति २०६५।११।२० मा विभिन्न निर्णयहरु भएको व्यहोरा अवगत नै छ। सो वैठकको निर्णय नं. ८ मा विद्यार्थीहरुलाई सवारी भाडामा ४५% छुट सुविधा उपलब्ध गराउने निर्णय भएको देखिन्छ। नेपाल सरकारका विभिन्न प्लेटफर्महरु (हेलो सरकार, गुनासो पेटिका) लगायतमा छुट सुविधा सार्वजनिक यातायातका सवारी साधनहरुमा सो अनुसारको छुट तथा सहुलियत उपलब्ध नगराइएको भनी पर्याप्त गुनासोहरुसमेत प्राप्त हुन आएकाले सो वमोजिमको विद्यार्थी सहुलियत सुविधा उपलब्ध गराउने कार्य कार्यान्वयन गर्न हुन निर्देशानुसार अनुरोध छ।

१/०७

..........................................

(गणेशमान सिं राई)

निर्देशक, सवारी अनुगमन, मापदण्ड तर्जुमा र सवारी-चालक व्यवस्थापन